नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालय धादिङ बेंसी, बागमती प्रदेश

# नीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको बैठक

### मिति २०७९/०२/२५ गते

<u>निर्णयहरू</u>

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ को खण्ड (ग) को व्यवस्था बमोजिम देहायका कार्यपालिकाका सदस्यहरूलाई स्थानीय राजस्व परामर्श समितिको सदस्यमा तोक्ने ।

   १. श्री मन्जु राना मगर
   २. श्री राजकुमार श्रेष्ठ

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ को खण्ड (ग) को व्यवस्था बमोजिम देहायका कार्यपालिकाका सदस्यहरूलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सदस्यमा तोक्ने ।

   १. श्री कुलमान विश्वकर्मा
   २. श्री प्रकाशकुमार श्रेष्ठ
   ३. श्री चिनामाया श्रेष्ठ
   ४. श्री धोजबहादुर गुरूङ

३. नगर कार्यपालिकाका देहायका सदस्यहरूलाई देहायबमोजिम विषयगत समितिमा संयोजक तोक्ने ।

| | |
|---|---|
| १. आर्थिक विकास समितिः | श्री लक्ष्मण रम्तेल |
| २. पूर्वाधार विकास समितिः | श्री विशाल रोक्का |
| ३. सामाजिक विकास समितिः | श्री चिनामाया श्रेष्ठ |
| ४. वातावरण तथा विपद् व्यवस्थापन समितिः | श्री राम्री नेपाली |
| ५. संस्थागत विकास र सुशासन समितिः | श्री शान्ता थापा |
| ६. विधायक समितिः | श्री कुलमान विश्वकर्मा |

४. नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गत कार्यालयहरूमा करारमा कार्यरत कर्मचारीहरू प्रचलित कानूनबमोजिम उमेर हद नाघेकोमा अवकाश गर्ने । उल्लिखित बमोजिमका सहयोगी कर्मचारीहरूलाई कार्यविधि बनाई अवकाश पश्चात एकमुष्ट केही रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

५. यस कार्यालय र अन्तर्गत कार्यालयहरूका लागि नेपाल सरकारबाट हस्तान्तरण भई आएका स्थायी दरबन्दीहरूमा रिक्त रहेका संलग्न अनुसूची बमोजिमका पदहरू स्थायी पदपूर्तिको

लागि बागमती प्रदेश लोक सेवा आयोगमा माग आकृति फाराम भरी पठाउने र सिफारिस भई आएका उम्मेदवारहरूलाई नियुक्ति दिने ।

६. यस कार्यालय तथा अन्तर्गत निकायहरूमा करारमा कार्यरत अपेक्षित कार्यसम्पादन गर्न नसकेका कर्मचारीहरूलाई आगामी आर्थिक वर्षमा निरन्तरता नदिने । त्यस्ता रिक्त पदहरुमा पुन नियमानुसार कर्मचारी छनौट गर्ने ।

७. यस नगरपालिका अन्तर्गत वडागत रूपमा आगामी आर्थिक वर्ष २०७९/८० मा व्यवसाय करमा लक्ष्य प्रासिको आधारमा बढीमा १० (दश) प्रतिशत रकम सोही वडाको विकास निर्माणमा खर्च गर्ने गरी बजेट सुनिश्चितता गर्ने ।

८. यस नगरपालिकाद्वारा सञ्चालन गरिएका ग्रावेल चाहिने आयोजनाहरूको लागि नगरपालिकालेनै ग्रावेल संकलन गरि राख्ने र त्यस्ता आयोजनाहरूलाई प्रचलित कानूनसँग विपरित नहुनेगरी ग्रावेल उपलब्ध गराउने ।

-0-